नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

जलविज्ञान महाशाखा/बाढी पूर्वानुमान शाखा

# बाढी बुलेटिन (Flood Bulletin)

**(जारी मिति: २०७५-०३-२७, बिहान ६ बजे)**

## नदीहरुको हालको अवश्था (Present River Status)

आज विहान ६ बजेको मापन अनुसार देशका सवै प्रमुख नदीहरुमा जलसतह सतर्कता तह भन्दा तलै छ तर धैरै नजिकहरुमा बहाब सतर्कता तह नजिक छ।

## पूर्वानुमान (Forecast)

### १) वर्षा पूर्वानुमान (Rainfall Forecast)

असार २७ गते (बुधवार) दिउँसोको समयमा देशभरिनै बदली रही पश्चिमका अधिकांश स्थानहरुमा मध्यम खालको वर्षाको सम्भावना छ। पूर्व र मध्यका भू-भागमा हल्का देखि मध्यम खालको वर्षाको सम्भावना छ। असार २७ गते (बुधवार) साँझ र रातीको समयमा देशभरिनै बदलि रही पूर्वी भू-भागहरूमा हल्का देखि मध्यम खालको वर्षाको सम्भावना छ र मध्य र पश्चिमी भू-भागहरुमा मध्यम देखी भारी वर्षाको सम्भावना छ।

असार २८ गते (बिहिबार ) दिउसोको समयमा देशभरिनै बदली रही पश्चिमका अधिकांश स्थानहरुमा हल्का देखि मध्यम खालको वर्षाको सम्भावना छ भने पूर्व र मध्यका पहाडी भूभागका केहि स्थानहरुमा हल्का देखि मध्यम खालको वर्षाको सम्भावना छ। असार २८ गते (बिहिवार) साँझ र राती देशभरिनै बदलि रही अधिकांश स्थानहरुमा हल्का देखि मध्यम खालको वर्षाको सम्भावना छ। बिहिवार राती देशको मध्य र पश्चिमी भू-भागका केहि स्थानमा भारी वर्षाको सम्भावना छ।

असार २९ गते (शुक्रबार) दिउँसोको समयमा देशभरिनै बदली रही देशको मध्य र पश्चिमी भू-भागका अधिकांश स्थानहरुमा मध्यम देखी भारी वर्षाको सम्भावना छ भने पूर्व र मध्यका पहाडी भूभागका केहि स्थानहरुमा हल्का देखि मध्यम खालको वर्षाको सम्भावना छ।शुक्रबार साँझ र राती देशभरिनै बदलि रही अधिकांश स्थानहरुमा हल्का देखि मध्यम खालको वर्षाको सम्भावना छ।

(स्रोत: मौसम पूर्वानुमान महाशाखा)

### २) बाढी पूर्वानुमान (Flood Forecast

**पूर्वानुमान आज (बिहान ६ बजे देखि भोली बिहान ६ बजे सम्म) (Today)**

आज देशैभर हल्का देखि मध्यम वर्षाको संभावना रहेकाले सवैनदिनालाहरुमा बहाब बढ्दो क्रममा रहने छ। विशेष गरी बागमती र कोसी नदी जलाधारमा उल्लेख्य बहाब बढ्ने र भोली विहान आसपास बहाब सतर्कता तह आसपास पुग्न सक्ने पूर्वानुमान छ।

**पूर्वानुमान भोली ( भोली बिहान ६ बजे देखि पर्सि बिहान ६ बजे सम्म) (Tomorrow)**

भोली देशका सवै प्रमुख नदीहरुमा जलसतह उच्च रहने छ र कतिपयमा सतर्कता तह पार पनि हुन सक्छ। विशेषगरी पूर्वी तथा मध्य भूभागका केही स्थानका स-साना खोला-नालामा आकस्मिक बाढीको संभावना भने कायम छ।

**पूर्वानुमान पर्सि (पर्सि विहान ६ बजे देखि निक-पर्सि बिहान ६ बजे सम्म) (Day after Tomorrow)**

पर्सि देशका सवै प्रमुख नदीहरुमा जलसतह सतर्कता तह भन्दा तल रहने पूर्वानुमान छ। विशेषगरि मध्य तथा पश्चिमी भूभागका केही स्थानका स-साना खोला-नालामा आकस्मिक बाढीको संभावना भने कायम छ।

## सरोकारवालाका लागि परामर्श (Advisory):

देशमा ठुलो बाढी विपदको संभावना आगामी ३ दिन देखिंदैन तर आज र भोली देशैभर बदली भई विशेष गरी प्रदेश १, २, ३ र ४ का अधिकांश स्थानमा हल्का देखि मध्यम सम्म वर्षा हुने र १-२ स्थानमा भारी सम्म वर्षाको संभावना रहेकोले ती प्रदेशमा पर्ने सवै नदीहरुमा बहाब बढ्दो क्रममा रहने पूर्वानुमान गरिए पनि प्रमुख नदीहरुमा भने बहाबले खतरा तह पार गर्ने संभावना देखिएको छैन। भोली बिहान पछी देशका धैरैजसो नदीनालाहरुमा बहाब उच्च भएता पनि खतरा तह भने पार हुने संभावना न्युन नै छ। स-साना

नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

## जल तथा मौसम विज्ञान विभाग

## जलविज्ञान महाशाखा/बाढी पूर्वानुमान शाखा

खोलानालाहरुमा क्षणिक आकस्मिक बाढीको संभावना उच्च देखिन्छ वर्षा भैरहंदा विशेष सतर्कता अपनाऔं। पहाडी क्षेत्रका पहिरोग्रस्त स्थानमा पनि उच्च सतर्कता अपनाइराखौं।

भोली र पर्सि पनि आज जस्तै रहने पूर्वानुमान गरिएको छ।

*(बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेबसाइट www.hydrology.gov.np मा समेत हेर्न सकिने छ)*